> प्रवीणता प्रमाणपत्र तह सकेर १ वर्ष काम नगरी नर्सिङ स्नातक तह (बीएन) अध्ययन गर्न पाइँदैन, दिनप्रतिदिन नर्सिङ बेरोजगार बढ्दै गएको छ।

संसद् अवरुद्ध भएपछि गृहमन्त्री कड्किए

नेपाल समाचापत्र

काठमाडौं

गृहमन्त्री रामबहादुर थापा मगरले संघीय संसद्का दुवै सभामा सांसदहरूले उठाएको प्रश्नका विषयमा जवाफ दिनुभएको छ।

बुधबार राष्ट्रियसभामा सांसदहरूले आवाज उठाएपछि गृहमन्त्रीको जवाफ नआउन्जेलसम्म संसद् अवरुद्ध गर्ने चेतावनी दिएपछि १५ मिनेट संसद् बैठक स्थगित गरिएको थियो। प्रतिनिधिसभाको बैठकको शून्य र विशेष समयमा पनि सांसदहरूद्वारा वीर अस्पतालमा आमरण अनसन बसिरहेकी गंगामाया अधिकारीको जीवनरक्षाको विषयमा सरकारको जवाफ माग गरिएको थियो।

छोराको हत्यारालाई कारबाहीको माग गर्दै अनसन बसिरहेका बेला ४२ महिनाअघि गंगामायाका श्रीमान् नन्दप्रसादको निधन भएको थियो। उहाँहरूका छोरा कृष्णप्रसादलाई द्वन्द्वकालमा माओवादीले अपहरण गरी हत्या गरेका थिए। राजधानीका विभिन्न स्थानमा निषेधाज्ञा जारी गरेको सम्बन्धमा पनि सदनमा प्रश्न उठेको थियो।

अवरुद्ध राष्ट्रियसभा बैठक सुचारु गर्नका लागि गृहमन्त्री रामबहादुर थापाले राष्ट्रियसभालाई सम्बोधन गर्दै ती विषयमा जवाफ दिनुभएको थियो। गृहमन्त्री थापाले सरकारको मूल दायित्व लोकतन्त्रको रक्षा गर्नु भएकाले लोकतन्त्रको रक्षाका निम्ति अति आवश्यक पर्ने सुशासन र दिगो शान्तिका लागि निषेधित क्षेत्र घोषणा गरिएको स्पष्ट पार्नुभएको छ। उहाँले चित्त नबुझेका कुरामा आवाज उठाउन पाइने तर त्यसलाई मर्यादित र व्यवस्थित विधि जरुरी रहेकाले अति संवेदनशील क्षेत्रमा निषेधाज्ञा जारी गरिएको बताउँदै अन्य देशमा पनि यस्तो व्यवस्था रहेको जानकारी दिनुभएको छ।

गृहमन्त्री थापाले डा केसीको अनसनको विषयलाई मध्यनजर गर्दै सरकारले चिकित्सा शिक्षा विधेयक सामान्य ढंगले संसद्मा ल्याउने पनि स्पष्ट पार्नुभएको छ।

सरकारले डा केसीसँग विगतमा गरेको सहमतिलाई ध्यान दिएको बताउँदै गृहमन्त्री थापाले अस्पताल क्षेत्रमा अनसन बस्दा अन्य नागरिकको अधिकारलाई हनन हुने भएकाले अस्पतालमा रोक लगाइएको बताउनुभयो।

सरकारले चिकित्सा शिक्षा विधेयकलाई यसअघिको संसद् बैठकमा नै ल्याउने तयारी गरे तापनि प्रतिपक्षी दलसँग केही विषयमा कुरा नमिल्दा त्यो रोकिएको तर उक्त विधेयक प्रस्तुत हुने क्रममा नै रहेको पनि गृहमन्त्री थापाले जानकारी दिनुभयो।

आफ्नो छोराका हत्यारालाई कारबाहीको माग राख्दै अनसनरत गंगामाया अधिकारीको विषयमा कसरी हल गर्न सकिन्छ भन्ने विषयमा सरकारले ध्यान दिइरहेको बताउँदै गृहमन्त्री थापाले यस्ता किसिमका द्वन्द्वकालीन मुद्दालाई सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत टुंग्याउनुपर्छ भन्ने पक्षमा सरकार रहेको पनि स्पष्ट पार्नुभयो।

अनसनरत गंगामायाको विषयमा सर्वोच्च अदालतले दिएको आदेशलाई कार्यान्वयन गर्ने पक्षमा सरकार रहेको स्पष्ट पार्दै यस्तो किसिमका मुद्दालाई प्रशासनिक र राजनीतिक तहबाट हल गर्दै लानुपर्नेमा पनि मन्त्री थापाले जोड दिँदै छाउपडी प्रथाबाट नेपालका कैयौं दिदीबहिनी, छोरी, आमाको स्वास्थ्यमा गम्भीर असर परिरहेको तथा थुप्रै महिलाले ज्यानसमेत गुमाइसकेको तीतो यथार्थ रहेकाले यसलाई आवश्यक कानुन बनाएर नै समाधान गर्दै लानुपर्ने बताउनुभयो।

गृहमन्त्री थापाले यही असार १५ गतेदेखि अहिलेसम्म मुलुकभर बाढी र पहिरोका कारणले करिब २ दर्जन व्यक्तिले ज्यान गुमाइसकेको जानकारी दिँदै सो घटनामा परी आधा दर्जन बेपत्ता र करिब आधा दर्जन घाइतेसमेत भएको बताउनुभयो। उहाँले प्राकृतिक विपत्तिबाट उत्पन्न हुने क्षतिलाई न्यूनीकरण गर्न सरकारले ध्यान दिइरहेको पनि जानकारी दिनुभयो।

४५ वर्षपछि बेठी बाजासहित रोपाइँ

मोतीराम तिमल्सिना, काभ्रे

४५ वर्षपछि बेठी बाजासहित धुलिखेल नगरपालिका-११ पातलेखेतको डाँडागाउँमा रोपाइँ गरिएको छ। विदेशी नागरिक सहभागी रोपाइँ कार्यक्रमको नगरपालिकाका प्रमुख अशोक ब्याञ्जुले उद्घाटन गरेका थिए।

'२०३० सालसम्म गाउँका सम्पन्न व्यक्तिको खेत रोपाइँ गर्दा सह जगाउन पञ्चेबाजासहितको खेतमा बेठी लगाउने चलन थियो', १० वर्षको उमेरदेखि बेठी बाजामा सहभागी हुँदै आएका भीमबहादुर परियारले भने- 'उतिबेला खेतमा बाजा बजाउँदै रोपारको अघि-अघि हिलोमै डुबेर बेठी लगाइन्थ्यो। सबैले त्यस्तो गर्दैनथे, जसले बाजा बजाउनेलाई खर्च उपलब्ध गराउन सक्थ्यो उसैले मात्रै बेठी बाजासहितको खेत रोपाइँ गर्दथ्यो।'

बेठी बजाउनेले २५ पैसा प्राप्त गर्दथे। रोपार र बाउँसे गर्ने लाठेलाई खर्चको अलावा खाजा पानीको राम्रो व्यवस्थापन गरिन्थ्यो। खेतमा धेरै धान फलाउने बाजा बजाउने र बेठीसहितको रोपाइँ गर्दा सह भित्रने विश्वास थियो।

साविक पातलेखेत-७ का केशवबहादुर गौतमले पनि बेठी लगाउने चलन आफ्नै घरमा भएको बताए। बुबा हुँदा खेतमा बेठीसहितको रोपाइँ गरेको आफूले जानेको गौतमले बताए। विस्तारै बेठी बाजा खर्चिलो हुँदै गएको भन्दै लगाउन छाडिएको भीमबहादुरको अनुभव छ। 'बाजा बजाउन पनि छाडे, खर्चिलो पनि भयो', भीमबहादुरको अनुभव छ- '१० वर्षको उमेरदेखि बाजा बजाउन शुरू गरेको मैले ७० वर्ष भयो। निरन्तर बजाएको छु। बेठी बाजा बजाउन छाडेको ४५ वर्षपछि अहिले बजाउँदा खुसी महसुस भएको छ।'

पातलेखेत सामुदायिक होमस्टेद्वारा पाहुनाको बसाइँ लम्ब्याउन स्थानीय संस्कृतिसमेत जोगाउने र परम्पराले जगाउने उद्देश्यले बेठीसहितको रोपाइँ आयोजना गरेको अध्यक्ष केशव बडालले बताए। ६ वर्षअघिदेखि शुरू भएको होमस्टेमा १८ घर परिवार छन्। ताईवानको इलिभ शहरबाट हरेक वर्ष ५ सय जति ताईवानी होमस्टेमा आउने गरेका छन्। उनीहरूको बसाइँ लम्ब्याउन र उनीहरूलाई नेपालको संस्कृति, पहिचान र स्थानीयस्तरमा हुने विविध विषयमा जानकारी गराउन रोपाइँ आयोजना गरिएको बडालले बताए। अन्य समयमा आएका ताईवानीलाई समयअनुसारका खेती प्रणालीका बारेमा जानकारी गराउने गरिएको छ। रोपाइँ कार्यक्रममा नगरप्रमुख ब्याञ्जुसहित २० जना ताईवानी नागरिकले रोपाइँका विविध कार्यक्रममा सहभागिता जनाएका थिए।

पुरानो र मौलिक परम्परा लोप नहोस् भनेर बेठी बाजासहितको रोपाइँ कार्यक्रम आयोजना गरिएको अध्यक्ष बडालले बताए। पातलेखेतको होमस्टे कार्यक्रमले स्वरोजगारका साथै भाषा र संस्कृतिको समेत आदानप्रदान गरेको छ। यसबाट सरसफाइ, सभ्यता, परिवारभित्रका सदस्यको अन्तर्राष्ट्रिय समुदायसँगको सम्बन्ध र व्यवहार, स्थानीय उत्पादनको खपत र प्रबर्द्धन, अर्गानिक खेतीमा जोड र व्यावसायिक तरकारी तथा खेती प्रणालीमा सहभागितालगायतमा सहयोग पुगेको छ। नगरप्रमुख ब्याञ्जुले नगरभित्र व्यावसायिक खेती प्रणालीमा आधुनिकता र प्रविधिसहित मौलिकताको संरक्षण गर्नुपर्नेमा जोड दिए।

समाचार संक्षेप

बाढीपहिरोमा परी २५ को मृत्यु

काठमाडौं, (नेस)

केही दिनदेखि परेको अविरल वर्षाका कारण बाढी र पहिरोमा परी २५ जनाको मृत्यु भएको छ। वर्षाका कारण केही मानिस बेपत्ता भएका छन् भने करोडौंको क्षति भएको छ।

बुधबार बसेको प्रतिनिधिसभाको बैठकमा गृहमन्त्री रामबहादुर थापाले बाढी पहिरो पीडितका लागि सरकारले द्रुत गतिमा काम गरिरहेको जानकारी गराउनुभएको थियो। उहाँले बाढी र पहिरोका कारण आधा दर्जनभन्दा बढी बेपत्ता भएको जानकारी दिनुभयो।

नेकपाको सचिवालय बैठक सम्पन्न

काठमाडौं, (नेस)

नेपाल कम्युनिस्ट पार्टीको सचिवालयको तेस्रो बैठक सम्पन्न भएको छ। बुधबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले बिहीबार दिउँसो ३ बजे बस्ने पार्टीको स्थायी समिति बैठकका लागि एजेन्डाहरू तय गरेको छ।

आज दिउँसो ३ बजे बस्ने स्थायी समिति बैठकमा अध्यक्ष प्रचण्ड र अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले समसामयिक राजनीति र विशेष गरी प्रधानमन्त्रीको चीन भ्रमण र सरकारका काम कारबाहीका बारेमा जानकारी गराउनुहुने भएको छ।

पार्टीको प्रस्तावित नियमावलीका बारेमा बैठकमा पनि स्थायी समिति बैठकमा छलफल हुनेछ।

अवैध बालुवा उत्खनन रोकिएन

दोलालघाट, (नेस)

मध्य वर्षामा पनि काभ्रेको दोलालघाटनजिक भुम्लु गाउँपालिका-५ फलाटेस्थित आमथली बगरमा अवैध बालुवा उत्खनन रोकिएन। राति-राति मेसिन लगाएर निकालिएको बालुवा प्रहरी प्रशासनको मिलेमतोमा पठाइन्छ।

प्राइभेट नम्बर प्लेटको ट्रिपरमा ओसारपसार भइरहेको सूचना प्रहरी प्रशासनलाई पटक-पटक दिए पनि कुनै वास्ता नगरेको भन्दै स्थानीय बासिन्दाले गुनासो गरेका छन्।

दोलालघाटबाट स्थानीय बासिन्दाले नेपाल समाचारपत्रलाई पटक-पटक फोन गरी गुनासो गरेअनुसार विगत १०/१५ दिनदेखि यसरी नै बालुवा अवैध तरिकाले ओसारपसार भइरहेको छ। बाहिरको ट्रिपर लैजाँदा हल्ला हुने भन्दै कम्पनीको ट्रिपरले दैनिक ५ देखि १० टिप बालुवा ओसारीरहेको स्थानीयको गुनासो छ।

एक टिप बालुवा तस्करीलाई १५ हजार नाफा हुन्छ। बगरमा मिसिनबाट एकटिप बालुवाको निकाल्दा ५ हजारजति मात्र खर्च हुन्छ।

प्रदर्शनका क्रममा १४ मजदुर पक्राउ

हेटौंडा, (नेस)

आन्दोलनमा उत्रिएपछि हेटौंडा औद्योगिक क्षेत्रमा रहेको प्रोजियोकेम प्रालिका १४ मजदुरलाई प्रहरीले पक्राउ गरेको छ।

उद्योगले मजदुरलाई अचानक अन्य जिल्लामा सरुवा गरी काम गर्न धम्कीपूर्ण व्यवहार देखाएको भन्दै मजदुरले आन्दोलनका कार्यक्रमअन्तर्गत उद्योगपरिसरमा धर्ना दिएको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिइएको हो।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका डीएसपी नरेशकुमार सिंहले मजदुरले तोडफोडको अवस्था सिर्जना गरेको भन्दै उद्योगबाट उजुरी परेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको बताउनुभयो।

अखिल नेपाल क्रान्तिकारी औद्योगिक मजदुर संघले गत शुक्रबार २ दिने अल्टिमेटमपत्र कम्पनीमा बुझाएको थियो। अल्टिमेटमपश्चात् शनिबार मजदुरले उद्योगमा शान्तिपूर्ण प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा बुधबार उनीहरूलाई नियन्त्रणमा लिइएको हो।

उद्योगले मजदुरसँग बिनाछलफल धम्कीको शैलीमा ओभन प्लान्ट मेसिन अन्य जिल्लामा सार्ने भन्दै उद्योगले जानकारी गराएको मजदुरको आरोप छ। उद्योगमा कार्यरत २४ जनामध्ये १६ मजदुरलाई बाराको परवानीपुरमा गएर काम गर्न आदेश दिइएको भन्दै संघ विरोधमा उत्रिएको हो।

उद्योगमा नयाँ मेसिन ल्याउन लागिएको र थप ३० कामदार पनि चाहिएको अवस्थामा ओभनलाई बारामा पठाउने बहाना बनाउँदै जिल्लाका कर्मचारीलाई अन्यन्त्र सार्ने प्रपञ्च रचेको र त्यहाँबाट आफूहरूलाई निकाल्ने षड्यन्त्र रचिएको मजदुरले आरोप लगाएका छन्।

बिमस्टेक तयारी तीव्र गतिमा

काठमाडौं, (नेस)

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो शिखर सम्मेलनको तयारीमा परराष्ट्र मन्त्रालय जुटेको छ।

नेपालले प्रस्ताव गरेको सम्मेलनको अघिल्लो मिति (आगामी भदौ १४ र १५) मा सबै सदस्य राष्ट्र सहमत भएपछि तयारी अघि बढाइएको मन्त्रालयले जनाएको छ। परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको संयोजकत्वमा रहेको सम्मेलन 'तयारी एवं समन्वय समिति' को बुधबारको बैठकले अहिलेसम्म भएको तयारी र प्रगतिको समीक्षा गरेको छ।

समितिको पहिलो बैठकले सम्मेलन तयारी कार्य प्रगति समीक्षा गर्दै समग्र विषयको तयारीमा निरन्तर जुट्नुपर्ने आवश्यकता औंल्याएको मन्त्रालयका सहायक प्रवक्ता रामबाबु ढकालले जानकारी दिनुभयो। 'सबै सदस्य राष्ट्र नेपालले प्रस्ताव गरेकै अघिल्लो मितिमा सकारात्मक रहेकाले अब केही दिनभित्रैमा सम्मेलनको औपचारिक मिति घोषणा हुनेछ' -उहाँले भन्नुभयो।

गत जेठ २० गतेको मन्त्री परिषद्को बैठकले बिमस्टेकको चौथो शिखर सम्मेलन काठमाडौंमा आयोजना गर्ने निर्णय गर्दै सदस्य राष्ट्रलाई भदौ १४ र १५ अथवा २१ र २२ गतेको मिति प्रस्ताव गरेको थियो।

अधिकांश सदस्य राष्ट्र नेपालको प्रस्तावमा सकारात्मक बनेपछि प्रधानमन्त्री केपी शर्मा ओलीको संयोजकत्वमा सम्मेलन लक्षित राष्ट्रिय मूल समिति गठन गरिएको छ। सो समितिको पहिलो बैठक गत असार १ गते बसेको थियो। ४ वर्षअघि म्यानमारमा सम्पन्न तेस्रो सम्मेलनपश्चात् नेपाल बिमस्टेको अध्यक्ष राष्ट्रको भूमिकामा छ।

कार्यव्यवस्था परामर्श समिति गठन

काठमाडौं, (नेस)

प्रतिनिधिसभाले सभामुख कृष्णबहादुर महराको अध्यक्षतामा उपसभामुख डा. शिवमाया तुम्वाहाङ्फे र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङसमेत रहेको कार्यव्यवस्था परामर्श समिति गठन गरेको छ।

१४ सदस्यीय समितिमा खगराज अधिकारी (नेकपा), जयपुरी घर्ती (नेकपा), देवप्रसाद गुरूङ (नेकपा), पवित्रा निरौला खरेल (नेकपा), रामेश्वर राय यादव (नेकपा), रेखा शर्मा (नेकपा), शान्ता चौधरी (नेकपा), दिलेन्द्रप्रसाद बडू (नेका), पार्वता डीसी चौधरी (नेका), पुष्पा भुसाल (गौतम) (नेका), बालकृष्ण खाँड (नेका), भानुभक्त ढकाल (नेकपा), उमाशंकर अरगरिया (संघीय समाजवादी फोरम), राजकिशोर यादव (राजपा नेपाल) रहनुभएको छ। बैठकलाई व्यवस्थित ढंगले चलाउन आवश्यक सरसल्लाह गर्नका लागि औपचारिकरूपमा नै समिति गठन गरिएको कांग्रेस सांसद भुसालले जानकारी दिनुभयो।

श्रेष्ठलाई मातृशोक

काठमाडौं, (नेस)

प्रेस काउन्सिलका कार्यबाहक अध्यक्ष किशोर श्रेष्ठलाई मातृशोक परेको छ। उहाँकी आमा नारायणीदेवी श्रेष्ठको ७७ वर्षको उमेरमा बुधबार निधन भएको हो। उहाँ मृगौला र दमबाट पीडित हुनुहुन्थ्यो।

श्रेष्ठको बुधबार साँझमै पशुपति आर्यघाटमा हिन्दू संस्कारअनुसार दाहसंस्कार गरिएको थियो।

अन्त्येष्टिमा सञ्चार क्षेत्रका वरिष्ठ व्यक्तिको उपस्थिति रहेको थियो।

१७ न्यायाधीशको सरुवा

काठमाडौं, (नेस)

न्यायपरिषद्ले उच्च अदालतका न्यायाधीशको व्यापकरूपमा सरुवा गरेको छ। न्याय परिषद्को बुधबार बसेको बैठकले विभिन्न उच्च अदालतमा १७ जना न्यायाधीशको काज सरुवा गर्ने निर्णय गरेको हो।

परिषद्को बुधबार बसेको बैठकले उच्च अदालत पोखरामा कार्यरत अच्युत विष्टलाई न्याय परिषद्, उच्च अदालत पाटन, हेटौंडामा कार्यरत नरेन्द्रकुमार शिवाकोटीलाई सर्वोच्च अदालत (काज थप), उच्च अदालत विराटनगर इलाम इजलासमा कार्यरत हरिप्रसाद बगालेलाई सर्वोच्च अदालत (काज थप), उच्च अदालत पाटनमा कार्यरत न्यायाधीश अब्दुल अजिज मुसलमानलाई उच्च अदालत पाटन, हेटौंडा इजलास काज सरुवा गरिएको छ।

यस्तै, उच्च अदालत दिपायलमा कार्यरत श्रीकृष्ण पौडेललाई सर्वोच्च अदालत, उच्च अदालत विराटनगर इलाम इजलासमा कार्यरत टेकप्रसाद ढुंगानालाई सर्वोच्च अदालतमा काज सरुवा गरिएको छ। न्याय परिषद्ले वैदेशिक रोजगार न्यायाधीकरणको अध्यक्षमा उच्च अदालत पाटनका न्यायाधीश किशोर सिलवालको नाम सिफारिस गरेको छ।

यसैबीच केही न्यायाधीशले न्यायपरिषद्लाई सम्पत्ति विवरण नबुझाएको विशेष स्रोतले जनाएको छ। न्याय परिषद्का प्रवक्ता निर्मला पौडेलले भने यस विषयमा आफूलाई जानकारी नभएको बताउनुभयो।

सामूहिक अन्त्येष्टि

डोटी, (नेस)

करेन्ट लागेर ज्यान गुमाएका डोटीको आदर्श गाउँपालिका-१ चासी गाउँका ४ जना युवाको सामूहिक अन्त्येष्टि गरिएको छ।

मृतक चारै जना एकै गाउँका भएकाले सामूहिक अन्त्येष्टि गरिएको स्थानीयबासी राजेन्द्रबहादुर खड्काले बताउनुभयो। ढिलो गरी पोस्टमार्टम गरिएकाले उनीहरूको बुधबार दिपायलस्थित सेती नदीको बासुधारमा अन्त्येष्टि गरिएको हो।

मंगलबार स्थानीय जयबहादुर खड्काको मिलनजिक रहेको विद्युत् पोल उखेलेर नयाँ ठाउँमा गाड्ने क्रममा पोल ढलेर विद्युत् तारमा खस्दा करेन्ट लागेर स्थानीय ४ जना युवाको घटनास्थलमै ज्यान गएको थियो।

करेन्ट लागेर ज्यान गुमाउनेमा सोही गाउँपालिका-१ बस्ने जयबहादुर खड्का, लोकेन्द्र खड्का, दीपु खड्का र वीरेन्द्र खड्का रहेका छन् भने घाइते हुनेमा बमबहादुर खड्का रहेका छन्।

नर्सिङ...

स्वास्थ्य मन्त्रालयअन्तर्गत नर्सिङ विभागले काठमाडौं र भरतपुरमा तत्काल नर्सिङका लागि सम्बन्धन दिन नहुने रिपोर्ट बुझाइसकेको छ। शिक्षा मन्त्रालयले तत्कालीन शिक्षामन्त्री डीआर पौडेलको कार्यकालमा तयार गरेको नर्सिङ नीतिमा भूगोल, जनसंख्या र आवश्यकता अध्ययन गरेर मात्रै सम्बन्धन दिनुपर्ने उल्लेख गरेको थियो। मन्त्रालयका सहसचिव डा. हरि लम्साल संयोजकत्वमा नीति निर्धारण समिति बनेको थियो। सो समितिले मन्त्रालयलाई प्रतिवेदन बुझाइसकेको छ।

हाल उपत्यकालगायत शहरी क्षेत्रमा नर्सिङ संस्थाको आवश्यकता छैन। सरकारको गलत नीतिको विषयमा सचेत गराउन आमरण अनशन बसिरहनुभएका डा. गोविन्द केसीले मनपरीरूपमा नर्सिङ र मेडिकल कलेज सञ्चालन गर्न रोक लगाउनुपर्ने बताउँदै आउनुभएको छ।

समृद्ध नेपालको परिकल्पना गर्ने सरकारले मापदण्ड नपुगेका नर्सिङ संस्थालाई सम्बन्धन दिन दबाब दिनु उचित नभएको मन्त्रालयकै अधिकारीको आरोप छ। हाल सीटीईभीटीअन्तर्गत १ सय ११, प्रतिष्ठानअन्तर्गत पाटन, वीर र बीपी कोइराला र त्रिविअन्तर्गत विराटनगर, वीरगन्ज, पोखरा र नेपालगन्जमा नर्सिङ विषय अध्ययन हुने गरेको छ।

तर मन्त्री पोखरेलले आफ्नै मन्त्रालयको नीति र नर्सिङ विभागको प्रतिवेदनको बेवास्ता गर्दै २४ संस्थालाई सम्बन्धन दिने अन्तिम तयारी गरिरहनुभएको थियो। 'प्रवीणता प्रमाणपत्र तह सकेर १ वर्ष काम नगरी नर्सिङ स्नातक तह (बीएन) अध्ययन गर्न पाइँदैन, दिनप्रतिदिन नर्सिङ बेरोजगार बढ्दै गएको छ, यस्तो अवस्थामा मनपरीरूपमा नर्सिङ पढाउने संस्थालाई सम्बन्धन दिनु गलत देखिन्छ' -सीटीईभीटीका अधिकारीले भने।

मन्त्रीको दबाबमा सम्बन्धन दिने तयारी भएको नर्सिङ संस्थामा शुभेच्छा इन्टरनेसनल अस्पताल एन्ड रिसर्च सेन्टर, चितवन मेडिकल कलेज, विजय एकेडेमी फर हेल्थ साइन्स, क्यालिभर नर्सिङ क्याम्पस, ओम साइ नर्सिङ, वेस्टर्न हेल्थ साइन्स एकेडेमी, कालीगण्डकी हेल्थ फाउन्डेसन, लाइफ गार्ड अस्पताल, भरतपुर सामुदायिक अस्पताल, मिर्चैया हेल्थ नर्सिङ क्याम्पस, एसियन फाउन्डेसन अफ एजुकेसन एन्ड रिसर्च कलेज, काभ्रे हेल्थ ट्रेडिङ इन्टिच्युट, मितेरी (समिट) टेक्निकल कलेज, शान्ति अस्पताल रहेका छन्।

त्यस्तै मध्यपुर अस्पताल, पिपुल्स मोडल कलेज, नारायणी नर्सिङ क्याम्पस, कोरिया नेपाल फ्रेन्डसिप सिटी अस्पताल, नेसनल हेल्थ फाउन्डेसन रहेका छन्।

मन्त्री पोखरेलले आफ्ना सहयोगी पराजुली खटाएर सम्बन्धनको पर्खाइमा रहेका संस्थासँग आर्थिक चलखेल गरी सम्बन्धन दिन लागिपरेको उच्च स्रोतको दाबी छ, यसअघिका शिक्षामन्त्री गोपालमान श्रेष्ठको कार्यकालमा आर्थिक चलखेल गरी नर्सिङबाहेकका २५ वटा संस्थालाई सम्बन्धन दिइएको थियो।

नयाँ मन्त्री आउनासाथ आर्थिक चलखेल गरी सम्बन्धन दिने प्रचलन बढ्दै आएको छ। त्यसै कामको निरन्तरता मन्त्री पोखरेलले शुरू गर्न थाल्नुभएको छ। सम्बन्धन दिने विषयमा मन्त्री र परिषद्का पदाधिकारीबीच खटपट शुरू भइसकेको छ।

सरकारविरुद्ध...

उहाँको स्वास्थ्य अवस्था बुझ्न नेपाली कांग्रेस संसदीय दलले ३ सदस्यीय संसदीय प्रतिनिधि टोली जुम्ला पठाउने निर्णय गरेको छ। प्रमुख सचेतक खाणका अनुसार उक्त टोलीमा प्रतिनिधिसभा सदस्य प्रकाश रसाइली स्नेही, रंगमती शाही र प्रदेशसभा सदस्य दिनबन्धु श्रेष्ठ रहनुहुनेछ।

कांग्रेस संसदीय दलको बैठकले आफ्नो छोरा कृष्ण अधिकारीको हत्यामा संलग्न अपराधीलाई कानुनी कारबाहीको माग राखी लामो समयदेखि काठमाडौंस्थित वीर अस्पतालमा अनसनमा रहनुभएकी गंगामाया अधिकारीको मागप्रति पनि एक्येबद्धता जनाउँदै उहाँको स्वास्थ्य अवस्था बुझ्न संसदीय दलको तर्फबाट ३ सदस्यीय संसदीय प्रतिनिधि टोली पठाउने निर्णय गरेको छ। उक्त टोलीमा प्रतिनिधिसभा सदस्य पार्वता डीसी चौधरी, डा. अमरेश कुमार सिंह र देवप्रसाद तिमिल्सिना रहनुभएको छ।

शान्तिपूर्णरूपमा भेला भई आफ्ना विचार राख्ने जनताको अधिकारलाई सरकारले निषेधित क्षेत्र घोषणा गरेकोमा नेपाली कांग्रेस संसदीय दलको बैठकले निषेधित क्षेत्र घोषणाको निर्णय फिर्ता लिन सरकारसँग माग गरेको छ। बैठकले सरकारले तत्काल उक्त निर्णय फिर्ता नलिए जनताको तर्फबाट नेपाली कांग्रेसले निषेधाज्ञा अवज्ञा समेत गर्ने निर्णय गरेको छ।

दोहोरो...

बेल्वासेले रिटमा श्रीमतीले बेलायतको नागरिकता लिइसके पनि आफूले अहिलेसम्म नलिएको र श्रेष्ठले बाध्यात्मक परिस्थितिले बेलायतको नागरिकता लिए पनि नेपालको नागरिकता परित्याग नगरेको र नगर्ने उल्लेख गर्नुभएको छ।

सार्वभौम सम्पन्न नेपाली नागरिकको वैयक्तिक हक हनन गर्ने नागरिकता ऐन २०६३ को दफा १० संविधानको धारा ३०४ अनुसार खारेज वा संशोधन नहुँदासम्म लागू भइरहने प्रावधान देखिने रिटमा उल्लेख छ।

रिटमा भनिएको छ- 'नागरिकता ऐन २०६३ को दफा १० ले धारा १० बाट प्राप्त नागरिकताबाट वञ्चित नगरिने हक एवम् धारा ४५ अनुसार प्रदत्त मेरो देश निकालाविरुद्धको मौलिक हकसमेतको हनन गरिरहेको र संविधानको प्रस्तावनाको पहिलो वाक्यांशलगायत भाग ३ बाट प्रदत्त मौलिक हकहरूसँग बाँझिएको हुँदा धारा १ बमोजिम धारा (१) १३३ अनुसार बदर गराई माग्न यो निवेदन लिएको छु।' रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, व्यवस्थापिका संसद् सचिवालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई विपक्षी बनाइएको छ।

रिट खारेज भएसँगै वैधानिकरूपमा २ वटा देशको नागरिकता भए सो कार्यान्वयन नहुने देखिएको छ।